**वैठक नं ३६** मिति : २०७५/०५/०५

आज मिति २०७५ साल भाद्र ०५ गते मंगलवार विहान ८.०० वजे खाँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको पैंतिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णण गरियो ।

उपस्थिति

१. नगर कार्यपालिका प्रमुख श्री मुरारीप्रसाद खतिवडा
२. नगर कार्यपालिका उप-प्रमुख श्री डेगेश्वरी श्रेष्ठ
३. नगर कार्यपालिका सदस्य श्री निरञ्जन श्रेष्ठ
४. नगर कार्यपालिका सदस्य श्री ज्ञानवहादुर श्रेष्ठ
५. नगर कार्यपालिका सदस्य श्री देवराज घिमिरे
६. नगर कार्यपालिका सदस्य श्री सजित राई
७. नगर कार्यपालिका सदस्य श्री श्यामप्रसाद निरौला
८. नगर कार्यपालिका सदस्य श्री दयानिधी वराल
९. नगर कार्यपालिका सदस्य श्री मौसम आले मगर
१०. नगर कार्यपालिका सदस्य श्री डम्वरवहादुर कटुवाल
११. नगर कार्यपालिका सदस्य श्री टिकाराम कुमाल
१२. नगर कार्यपालिका सदस्य श्री केशव राजसिं थापा
१३. नगर कार्यपालिका सदस्य श्री नगेन्द्र गुरुङ्
१४. नगर कार्यपालिका सदस्य श्री सुनीता कटुवाल कार्की
१५. नगर कार्यपालिका सदस्य श्री कुइगाङ लामा
१६. नगर कार्यपालिका सदस्य श्री वालकुमारी सोडारी
१७. नगर कार्यपालिका सदस्य श्री इन्द्रमाया वराइली
१८. नगर कार्यपालिका सदस्य श्री गोपी घिमिरे
१९. नगर कार्यपालिका सदस्य श्री चन्द्रकला तामाङ्
२०. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी राई सुनुवार
२१. नगर कार्यपालिका सदस्य श्री पदमलाल सार्की
२२. नगर कार्यपालिका सचिव श्री कृष्णकुमार निरौला
२३. ले.अ. श्री रुद्रमणि श्रेष्ठ
२४. शा.अ.श्री दिपकमणि घिमिरे
२५. ना.सु.(वैठक निर्णय लेखन) श्री गणेश श्रेष्ठ

**निर्णय नं १**

चालु आ.व. मा नगरसभावाट स्वीकृत वडा नं ११ मा शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि १ जना अ.हे.व. र १ जना अ.न.मी. करारमा विज्ञापन गरी भर्ना प्रकृया अगाडि बढाउने र सो सम्वन्धी सम्पुर्ण कार्य गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २**

खाँदवारी नगरपालिका कार्यालयको हाताभित्र निर्माण भएको चमेनागृह सञ्चालनको लागि सम्पूर्ण प्रकृया अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालु आर्थिक वर्ष ०७५/०७६ का लागि नगरसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुलाई नगरसभाबाट स्वीकृत समय सिमा भित्र सम्पन्न गर्ने गरी सञ्चालन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

खाँदवारी नगरपालिका भित्र बैंक खाता खोली भुक्तानी हुन छुट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको आ.व. २०७४/०७५ को दोस्रो तथा तेस्रो चौमासिकको भत्ता वितरण कार्य नभई सो रकम फ्रीज भई गएको विषयका सन्दर्भमा मिति २०७५/०४/११ गतेको ३४ औ कार्यपालिकाको वैठक वाट कार्यपालिका सदस्य तथा समाजिक विकास समितिका संयोजक श्री दयानिधि वराल ज्युको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति गठन गरी सो समितिले तयार गरेको प्रतिवेदन आजको वैठकमा छलफल भयो । आफ्नो कार्य व्यस्तताको वावभुद प्रतिवेदन तयारी गर्ने कार्यपालिका वैठकले गठन गरेको छानविन समितिका संयोजक श्री दयानिधि बराल, सदस्यहरु श्री श्यामप्रसाद निरौला र श्री नगेन्द गुरुङ्गलाई धन्यवाद दिने ।

उल्लेखित छानविन समितिले पेश गरेको प्रतिवेदनमा कार्यालयका समाजिक बिकास अधिकृत श्री खेमराज निरौलाको कार्यप्रतिको लापरवाहिका कारण छुट हुन गएको, सामाजिक सुरक्षा भत्ता वितरण नभई फिज भएको र त्यसको नैतिक रुपमा जिम्मेवारी लिने समेत आजको कार्यपालिकामा जानकारी निज सामाजिक विकास अधिकृतवाट भएको ।

छानविन समितिको प्रतवेदनमा उल्लेखित विवरणका आधारमा निज सामाजिक विकास अधिकृतलाई एक पटकको लागि सचेत गराउँदै आइन्दा यस्तो प्रकारको गल्ती गरेमा पटके गल्ती ठानी थप कार्यवाही गर्ने समेत निर्णय गरियो । साथै निज सामाजिक विकास अधिकृत खेमराज निरौलाले सम्हाल्दै आएको शाखाको जिम्मेवारी अन्यत्र सार्ने निर्णय गरियो ।

**निर्णय नं ५**

खाँदवारी नगरपालिकाको नगर रक्षक श्री चन्द्रवहादुर मगरले आफ्नो पदवाट मिति २०७५/०४/०१ गते दिएको राजीनामा स्वीकृत गरि यसै कार्यालको प्रमुख प्रशासकीय अधिकृतको क्वाटरमा कार्यरत श्री भुवनराज मगरले दैनिक ज्यालादारीमा कामकाज गर्दै आएकोले रिक्त रहेको नगर रक्षक पदमा नियुक्ती पाउं भनि मिति २०७५/०४/३१ गते यस कार्यालयमा निवेदन पेश गरेको ।

खाँदवारी नगरपालिकाको अत्यन्तै संवेदनशिल मानिने दमकललाई २४ सै घण्टा संचालनका लागि तयारी राख्नु पर्ने भएको साथै दमकल फायरमेनसंग सम्वन्धित तालिम समेत लिएको हुँदा निज चन्द्रवहादुर मगरले गर्दै आएको नगर रक्षकको जिम्मेवारी सहित निजले खाइपाई आएको तलव भत्ता तथा अन्य सेवा सुविधा उपलव्ध गराउने गरी खाँदवारी

नगरपालिका वडा नं ६ स्थायी ठेगाना भएको वावु श्री छत्रवहादुर मगरका छोरा श्री भुवनराज मगरलाई अर्को व्यवस्था नभए सम्मको लागि हाल सम्पादन गर्दै आएको कामको अतिरिक्त नगर रक्षक पदमा कामकाज गर्न करारमा नियुक्ती दिने निर्णय गरियो ।

## निर्णय नं ६

खाँदवारी नगरपालिका वडा नं. ९ स्थित मनकामनाघाट व्यवस्थापन गर्ने कार्यको लागि स्थानीय स्तरमा कार्य गरिरहेका विभिन्न संघ संस्थाहरुसँग समन्वय एवं सम्झौता गरी कार्य अगाडि वढाउने निर्णय गरियो ।

## निर्णय नं. ७

खाँदवारी नगरपालिकाले आर्थिक वर्ष ०७५/०७६ मा सम्पादन गरिने विनियोजन ऐन अन्तर्गतका योजना तथा कार्यक्रमहरु तेस्रो नगरसभाले पारित गरेको समय सिमा भित्र सम्पादन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. ८

खाँदवारी नगरपालिका कार्यालयमा आर्थिक सहयोग पाउँ भनी निवेदन पेश गर्ने खाँदवारी ८ निवासी श्री चन्द्रकला विश्वकर्मालाई आर्थिक प्रशासन शाखाको राय लिई रु. १५,०००।०० (पन्ध्रहजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।